# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३    संख्याः १    मितिः २०७८/११/०३

## भाग-१

## हुप्सेकोट गाउँपालिका

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँ सभाले बनाएको

**उल्लेखित बमोजिमको स्थानीय शिक्षा ऐन २०७५ को**

**पहिलो संशोधन ऐन २०७८**

**गाउँसभाबाट पारित मितिः २०७८/१०/२८**

**प्रमाणीकरण मितिः २०७८/११/०१**

स्थानीय शिक्षा ऐन २०७५लाई संशोधन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५६ को उपधारा ४, धारा २२१ र २२६ (१) तथा अनुसूचि ८ को सूचि नं ८ वमोजिम हुप्सेकोट गाऊँपालिकाको गाउँसभाले यो ऐन बनाएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो ऐनको नाम स्थानीय शिक्षा ऐन २०७५ (पहिलो संशोधन २०७८) रहने छ ।

ख) यो ऐन हुप्सेकोट गाउँपालिकाको गाँऊसभाबाट पारित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. स्थानीय शिक्षा ऐन २०७५ को दफा १५ मा विद्यालय निरीक्षकको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ भन्ने वाक्यांशको सट्टामा शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ भन्ने वाक्यांश राख्ने ।

३. मूल ऐनको दफा १८ मा संशोधनः

मूल ऐनको दफा १८ को उपदफा ९ पछि देहाएको उपदफा थप गरिएको छः

१०. शिक्षा समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

४. मूल ऐनको दफा २६ मा संशोधन

क) मूल ऐनको दफा २६ को उपदफा २ (क)मा बरिष्ठ शिक्षकलाई वि.व्य.स./गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापकको रुपमा नियुक्त गर्ने छ भन्ने वाक्यांशको सट्टामा वरिष्ठ शिक्षकलाई गाउँ शिक्षा समितिले प्रधानाध्यापकको रुपमा नियुक्त गर्नेछ भन्ने वाक्यांश राख्ने ।

ख) वि.ब्य.स./गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक नियुक्ति गर्नेछ भन्ने वाक्यांशको सट्टामा गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्ति गर्नेछ भन्ने वाक्यांश राख्ने ।

ग) वि.ब्य.स./गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक नियुक्ति गर्नेछ भन्ने वाक्यांशको सट्टामा गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्ति गर्नेछ भन्ने वाक्यांश राख्ने ।

घ) वि.ब्य.स./गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक नियुक्ति गर्नेछ भन्ने वाक्यांशको सट्टामा गाउँ शिक्षा समितिले प्रधानाध्यापक नियुक्ति गर्नेछ भन्ने वाक्यांश राख्ने ।

ङ) दफा २६ को उपदफा ३ मा संशोधन

उपनियम २ बमोजिम ५ वर्षको लागि प्रधानाध्यापक नियुक्ति हुनुपूर्व निजबाट नियमावलीमा तोकिए बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव लिई गाउँपालिकासंग पञ्चवर्षिय कार्य सम्पादन करार सम्झौता

गर्नुपर्नेछ भन्ने वाक्यको सट्टामा दफा २६ को उपदफा २ बमोजिम ५ वर्षको लागि प्रधानाध्यापक नियुक्त हुनु पुर्व तोकिए बमोजिमको ढाँचामा गाउँ शिक्षा शाखाले निजहरुबाट विद्यालय विकास प्रस्ताव लिई गाउँ शिक्षा शाखासंग पञ्चवर्षिय कार्य सम्पादन करार संभ्फौता गर्नुपर्ने छ ।

५. मूल ऐनको दफा २६ मा संशोधन

मूल ऐनको दफा २६ को उपदफा ५ मा सशोधन

मूल ऐनको दफा २६ को उपदफा ५ को सट्टामा "विद्यालयमा प्रधानाध्यापक पद रिक्त भएमा तथा यो ऐन प्रारम्भ भएको १ महिनाभित्र विद्यालयहरुले विद्यालय विकास प्रस्ताब लिई कम्तिमा तीन जना शिक्षकलाई प्रधानाध्यापक नियुक्तिको लागि गाउँ शिक्षा समितिमा सिफारिस नगरेमा गाँऊ शिक्षा शाखाले सूचना प्रकाशन गरी शिक्षकहरुद्वारा विद्यालय विकास प्रस्ताब लिइ गाँऊ शिक्षा समितिले विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति गर्ने छ।" भन्ने वाक्य राख्ने ।

६. मूल ऐनको दफा २६ को उपदफा ९ मा संशोधनः

क) मूल ऐनको दफा २६ को उपदफा ९ को ख मा खण्ड क, अनुसार वरिष्ठता नछुट्टिए अस्थायी शिक्षकको हकमा अस्थायी नियुक्ति मिति र राहत शिक्षकको हकमा राहत नियुक्ति मिति वा सिफारिस

योग्यताक्रमको अधारमा भन्ने वाक्यांश सट्टामाः

ख) खण्ड क अनुसार वरिष्ठता नछुट्टिए सिफारिस योग्यताक्रमको आधारमा वा सम्वन्धित विद्यालयमा हाजिरी भएको मितिको अधारमा भन्ने वाक्यांश थप्ने ।

७. मूल ऐनको दफा २६ को उपदफा ९ मा ग बुँदा थप

ग. खण्ड क र ख वमोजिम वरिष्ठता नछुट्टिए त्यस विद्यलयको सम्वन्धित तह र श्रेणीको करार नियुक्ति मितिको आधारमा।

८. मूल ऐनको दफा ३४ मा संशोधनः

क) मूल ऐनको दफा ३४ को उपदफा १ मा रहेको स्थानीय तह तथा विद्यालयहरुको सहमति सहित भन्ने वाक्यांशको सट्टा स्थानीय तह तथा कार्यरत विद्यालयको सहमति सहित भन्ने वाक्यांश राख्ने ।

ख) मूल ऐनको दफा ३४ को उपदफा २ मा उपदफा १ बमोजिमको निवेदन दिने शिक्षकलाई गाउँशिक्षा समितिको सहमतिमा गाउँपालिकाले सरुवा गर्नेछ भन्ने वाक्यको सट्टा उपदफा १ बमोजिमको निवेदन दिने शिक्षकलाई गाउँ शिक्षा समितिले सरुवा गर्ने छ भन्ने वाक्य राख्ने ।

९. मूल ऐनको दफा ४५ मा संशोधनः

मूल ऐनको दफा ४५ पछि देहायका दफा थप गरिएको छ ।

४५.१ सामुदायिक, संस्थागत तथा नीजि गुठिमा सञ्चालित विद्यालयहरुले तोकिएको मापदण्ड अनुसार विद्यालय सञ्चालन गरेको नपाईएमा त्यस्ता विद्यालयहरुलाई गाँउशिक्षा समितिले कक्षा घटाउने तथा विद्यालय अनुमति खारेज गर्न सक्नेछ ।

आज्ञाले

सुरेन्द्र प्रसाद बस्याल

प्रमुख प्रशासकीय अधिकृत